# आदर्श कोतवाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या : २०७५/०७६

चलानी नं. : ९८

महेन्द्र आदर्श, बारा

प्रदेश नं. २, नेपाल

मिति : २०७५/०४/१७

श्री वडा कार्यालय सबै,
आदर्श कोतवाल गाउँपालिका, बारा।

**विषय : जानकारी सम्बन्धमा।**

प्रस्तुत विषयमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र (AEPC) बाट मिति २०७५/०४/०८ गते कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस आदर्श कोतवाल गाउँपालिका वडाहरु भित्र रहेका दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित वर्गका लागि घरायसी बायोग्यास (गोबरग्यास) बनाउन इच्छुक व्यक्तिहरुको निम्न शर्त अनुसार संलग्न नमुना फारम बमोजिमको विवरण भरि यस गाउँपालिका कार्यालयमा मिति २०७५/०४/२५ गते भित्र पठाईदिनु हुन अनुरोध छ।

..............................
महेन्द्र प्रसाद कुशवाहा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. कार्यकारी अधिकृत

फोन : ०५३ – ६२००१२, ६२००१३, ६२००१४ | वेबसाइट : www.aadarshakotwalmun.gov.np | इमेल : aadarshakotwalmun@gmail.com

# नेपाल सरकार
## उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
खुमलटार, ललितपुर

## दलित, लोपोन्मुख आदिबासी जनजाती लगायतका लक्षित वर्गका लागि घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडानको लागि निवेदन आव्हान गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०७५/०४/०८**

नेपाल सरकारले चालु आ.व. २०७५/७६ मा दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित वर्गका लागि स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत घरायसी बायोग्यास प्लाण्ट जडान गर्ने लक्ष्य तय गरेको छ। यस कार्यक्रम कार्यान्वयनको लागि निम्न शर्तहरु पुरा भएका घरधुरीहरुले आ-आफ्ना घरमा बायोग्यास प्लाण्ट जडान गर्न स्थानीय तह (वडा, गाउँपालिका, महा/उप/नगरपालिका) को सिफारिस सहित **मिति २०७५/०५/१ भित्र** निम्न ठेगानामा आइपुग्ने गरि निवेदन पेश गर्नुहुन सम्वन्धित सवैका लागि र स्थानिय तहहरुलाई समेत सहयोगको लागि यसै सूचना मार्फत अनुरोध गरिएको छ। घरायसी बायोग्यास प्लाण्ट जडानका लागि नेपाल सरकारको मौजुदा नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ वमोजिम अनुदान उपलव्ध हुनेछ।

**शर्तहरु**

- हालसम्म बायोग्यास (गोबरग्यास) जडान नभएको घर परिवार हुनुपर्ने छ।
- कम्तिमा एउटा गाईवस्तु भएको हुनुपर्ने छ।
- प्लाण्ट जडानको लागि कम्तिमा डेढ धुर वा एक आना जमिन घर वरिपरी भएको हुनुपर्ने छ।
- बायोग्यास जडान गर्न इच्छुक घरधनि दलित, लोपोन्मुख आदिवासी जनजाति समुहका हुनुपर्ने छ।

रीतपूर्वक वा म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। निवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा यस केन्द्रबाट निःशुल्क प्राप्त हुने वा केन्द्रको वेवसाइट **www.aepc.gov.np** बाट समेत डाउनलोड गरि प्राप्त गर्न सकिनेछ।


निवेदन पेश गर्ने ठेगाना

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**बायोग्यास शाखा**

खुमलटार हाइट ललितपुर, फोन नं ९७७-१५५३९३९०/५५३९३९१

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट मिति २०७५/४/८ मा प्रकाशित सूचना बमोजिम निवेदनको ढाँचा

# दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित बर्गका लागि स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत घरायसी बायोग्यास प्लाण्ट जडानको लागि निवेदन र पूर्व संभाव्यता अध्ययन फारम

मिति :२०७५/ /

श्रीमान् कार्यकारी निर्देशकज्यू,

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ।

**विषय :घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त विषयमा.....................................जिल्ला......................................महा/उप/नगरपालिका/गाउँपालिका वडा नं.........../टोल......................................स्थित मेरो घरमा मेरो तथा मेरो परिवारको कुनै सदस्यको नाममा हालसम्म बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान नभएको र सो बापत नेपाल सरकार तथा अन्य कुनै निकायबाट अनुदान रकम प्राप्त नगरेको हुँदा बायोग्यास प्लाण्ट जडान गर्न इच्छुक भई यो निवेदन पेश गरेको छु ।

यस सम्बन्धमा मेरो घरमा बायोग्यास प्लाण्ट जडानको लागि आवश्यक पर्ने कम्तिमा एउटा गाईवस्तु भएको र प्लाण्ट जडानको लागी आवश्यक हुने कम्तिमा डेढ धुर वा एक आना जमिन मेरो घर वरिपरी आफ्नै स्वामित्वमा रहेको छ । त्यस केन्द्रबाट मिति २०७५/४/८ मा प्रकाशित भएको सूचनाको अधिनमा रहि स्थानीय तहको सिफारिस साथ घरायसी बायोग्यास (गोबरग्यास) प्लाण्ट जडान गरि पाउँ भनि यो निवेदन पेश गरेको छु ।

उल्लेखित व्यहोरा साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**उपभोक्ताको तर्फबाट**

उपभोक्ताको हस्ताक्षर........................................

उपभोक्ताको नाम ..........................................

सम्पर्क नं...........................................अनिवार्य)

**स्थानीय तहको तर्फबाट सिफारिस**

दस्तखत.........................................

पद...............................................

आधिकारीक व्यक्तिको नाम.....................................

स्थानीय तहको नाम..............................................

सम्पर्क नं...............................................(अनिवार्य)

स्थानीय तहको कार्यालयको छाप